काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २४१ ❐ शनिवार, ३० जेठ, २०८३ ❐ Saturday, 13 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कर्णालीलाई ८२ अर्ब बढी संघीय अनुदान

संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा जाने कुल अनुदान रकम जोड्दा कर्णालीमा मात्रै ८२ अर्ब रुपैयाँभन्दा बढी बजेट प्रवाह हुने देखिएको हो। यो रकम प्रदेश सरकारको आफ्नै आन्तरिक आम्दानी र स्थानीय तहहरूको राजस्वभन्दा कैयौं गुणा बढी छ।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २९ जेठ

आगामी आर्थिक वर्ष २०८३/०८४ मा कर्णाली प्रदेश सरकार र प्रदेशका ७९ स्थानीय तहले संघीय सरकारबाट ८२ अर्ब बढी रकम अनुदान प्राप्त गर्ने भएका छन्। संघीय सरकारले अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत प्रदेश तथा स्थानीय तहलाई ठूलो परिमाणमा बजेट पठाउने भएको हो।

विकास निर्माण, सेवा प्रवाह तथा स्थानीय पूर्वाधार विस्तारका लागि महत्वपूर्ण स्रोत सुनिश्चित गर्न यो अनुदान रकम उपलब्ध गराउन लागिएको संघीय सरकारले जनाएको छ। सार्वजनिक वित्तीय हस्तान्तरण विवरणअनुसार कर्णाली प्रदेश सरकारले आगामी वर्ष १७ अर्ब २० करोड ८२ लाख रुपैयाँ अनुदान प्राप्त गर्नेछ। यसमध्ये चालुतर्फ १३ अर्ब पाँच करोड नौ लाख रुपैयाँ र पुँजीगततर्फ चार अर्ब १५ करोड रुपैयाँ विनियोजन गरिएको छ।


प्रदेश सरकारले प्राप्त गर्ने यो अनुदान वित्तीय समानीकरण, सशर्त, विशेष तथा समपूरक अनुदानअन्तर्गत उपलब्ध गराइनेछ। कर्णालीजस्तो भौगोलिक विकटता, सीमित आन्तरिक आय र विकासका आधारभूत पूर्वाधार अभाव रहेको प्रदेशका लागि संघीय अनुदान नै मुख्य आर्थिक आधार बनेको छ।

यता प्रदेशका १० जिल्लामा रहेका ७९ स्थानीय तहले पनि आगामी आर्थिक वर्षका लागि झण्डै ६५ अर्ब रुपैयाँभन्दा बढी अनुदान प्राप्त गर्ने भएका छन्। गाउँपालिका र नगरपालिकाहरूले प्राप्त गर्ने उक्त रकम वित्तीय समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदानका विभिन्न शीर्षकमार्फत वितरण गरिनेछ।

संघीय सरकारबाट प्रदेश र स्थानीय तहमा जाने कुल अनुदान रकम जोड्दा कर्णालीमा मात्रै ८२ अर्ब रुपैयाँभन्दा बढी बजेट प्रवाह हुने देखिएको हो। यो रकम प्रदेश सरकारको आफ्नै आन्तरिक आम्दानी र स्थानीय तहहरूको राजस्वभन्दा कैयौं गुणा बढी छ। अर्थ विज्ञहरुका अनुसार संघीय अनुदानको यो परिमाणले कर्णालीमा शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, कृषि तथा सामाजिक सुरक्षाजस्ता क्षेत्रमा लगानी बढाउने अवसर सिर्जना गरे पनि बजेट कार्यान्वयनको क्षमता भने अझै चुनौतीका रूपमा रहेको छ।

कर्णालीमा हरेक वर्ष ठूलो रकम विनियोजन भए पनि खर्चको गति कमजोर हुँदा विकासका प्रतिफल अपेक्षित रूपमा प्राप्त हुन नसकेको आलोचना हुँदै आएको छ। कर्णालीका अधिकांश स्थानीय तहको आन्तरिक आम्दानी अत्यन्त न्यून भएकाले उनीहरूको वार्षिक बजेट सञ्चालन नै संघीय अनुदानमा निर्भर छ।

त्यस्तै प्रदेश सरकारको राजस्व संकलन क्षमता पनि सीमित रहेकाले संघीय वित्तीय हस्तान्तरण प्रदेशको आर्थिक गतिविधि सञ्चालनको प्रमुख आधार बनेको छ। संघीय सरकारले पठाउने अनुदानले आगामी वर्ष कर्णालीमा विकास आयोजना सञ्चालन, आधारभूत बाँकी पृष्ठ ४



यस्तो छ जिल्लागत अनुदानको अवस्था

संघीय सरकारले आगामी वर्ष कर्णालीका १० जिल्लाका ७९ स्थानीय तहलाई झण्डै ६५ अर्ब बढीको बजेट अनुदानवापत पठाउन लागेको छ। तथ्यांकअनुसार आगामी वर्ष पाँच नगर पालिका र चार गाउँपालिका रहेको सुर्खेतले ६ अर्ब ३१ करोड ३७ लाख बजेट पाएको छ।

कर्णालीका १० जिल्लामध्ये सुर्खेतले सबैभन्दा बढी वित्तीय हस्तान्तरणवापतको बजेट प्राप्त गरेको हो। जसमा नगर पालिकाले चार अर्ब ८३ करोड ३८ लाख र गाउँपालिकाले एक अर्ब ४७ करोड ९९ लाख रुपैयाँ बजेट पाएका छन्। यस्तै रुकुम पश्चिमका स्थानीय तहलाई दुई अर्ब ३५ करोड ५४ लाख रुपैयाँ अनुदान दिइएको छ। जसमा नगरपालिकालाई एक अर्ब ८४ करोड ६१ लाख र गाउँपालिकालाई दुई अर्ब १८ करोड ८० लाख विनियोजन गरिएको छ। यो रुकुम पश्चिमका तीन नगरपालिका र तीन गाउँपालिका गरी ६ स्थानी तहका लागि पठाइएको बजेट हो।

त्यस्तै सल्यानका तीन नगरपालिकालाई एक अर्ब ८४ करोड ६१ लाख र सात गाउँपालिलाई दुई अर्ब १८ करोड ८० लाख गरी कुल चार अर्ब तीन करोड ४१ लाख रुपैयाँ विनियोजन भएको छ। भने डोल्पा जिल्लाले एक अर्ब ७५ लाख ८७ हजार रुपैयाँ बराबरको बजेट प्राप्त गर्नेछ। जसमा डोल्पाका दुई नगर पालिकाले ६७ करोड ७९ लाख र ६ गाउँपालिकाले एक अर्ब आठ करोड आठ लाख बराबरको बजेट पाउने छन्।

जुम्लाका एक नगरपालिका र सात गाउँपालिकाले दुई अर्ब ४२ करोड ५९ लाख बजेट पाएका छन्। यस वर्ष जुम्लामा नगरपालिकालाई ४० करोड ८३ लाख र गाउँपालिकालाई दुई अर्ब एक करोड ७६ लाख विनियोजन गरिएको छ। मुगुका लागि एक अर्ब ४४ करोड ८० लाख बजेट विनियोजन गरिएको छ। जसमा एक नगरपालिकालाई ४२ करोड ८५ लाख र तीन गाउँपालिकालाई एक अर्ब दुई करोड पाँच लाख रुपैयाँ दिइएको छ।

हुम्लाका सात स्थानीय तहलाई एक अर्ब ८६ करोड ९५ लाख रुपैयाँ संघीय सरकारले पठाउँदै छ। कालीकोटका तीन नगरपालिका र ६ गाउँपालिकाले दुई अर्ब ९४ करोड ६२ लाख बराबरको बजेट प्राप्त गर्नेछन्। जसमा नगरपालिकालाई एक अर्ब १५ करोड ३३ लाख र गाउँपालिकालाई एक अर्ब ७९ करोड २९ लाख रुपैयाँ बजेट दिइने छ।

जाजरकोटले आगामी वर्ष दुई अर्ब ८० करोड ४७ लाख रुपैयाँ बराबरको बजेट पाउने छ। जसमा तीन नगरपालिकालाई एक अर्ब ४२ करोड २८ लाख र चार गाउँपालिकालाई एक अर्ब ३८ करोड ४६ लाख बजेट व्यवस्थापन गरिने छ। यता चार नगर पालिका र सात गाउँपालिका रहेको दैलेखले आगामी वर्ष तीन अर्ब ९५ करोड ६६ लाख पाउनेछ। दैलेखका नगरपालिकाले एक अर्ब ३६ करोड ४८ लाख र गाउँपालिकाले दुई अर्ब ३२ करोड १८ लाख अनुदानवापतको बजेट पाउनेछन्।

संविधान संशोधन कार्यदलको म्याद थप

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २९ जेठ

सरकारले संविधान संशोधनसम्बन्धी बहसपत्र तयार गर्ने कार्यदलको म्याद थप गरेको छ। शुक्रबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले कार्यदलको अवधि २०८३ असार मसान्तसम्म कायम गर्ने निर्णय गरेको हो।

बैठकपछि सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले मन्त्रिपरिषद्ले गरेका निर्णय सार्वजनिक गर्दै संविधान संशोधन प्रक्रियालाई थप व्यवस्थित बनाउन कार्यदलको समयावधि बढाइएको जानकारी दिए।

बैठकले सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र व्यवस्थापनसँग सम्बन्धित रावल आयोगको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयहरूलाई आवश्यक पहल गर्न निर्देशन दिने निर्णय पनि गरेको छ। प्रतिवेदन कार्यान्वयनमार्फत सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने सरकारको अपेक्षा रहेको छ। त्यसैगरी मन्त्रिपरिषद्ले सिन्धुपाल्चोकका रमेश कुमार धिताललाई लेखामान बोर्डको अध्यक्ष पदमा मनोनयन गर्ने निर्णय गरेको छ।

सरकारले संविधान संशोधन, सार्वजनिक सम्पत्ति संरक्षण तथा संस्थागत नेतृत्वसँग सम्बन्धित विषयलाई प्राथमिकतामा राख्दै उक्त निर्णयहरू गरेको जनाएको छ।

'जिम्मेवारीमा नरहदा पनि मिडियाले महिला राजनीतिज्ञलाई प्राथमिकता दिनुपर्छ'

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, २९ जेठ

सुर्खेतका महिला राजनीतिज्ञले सञ्चार क्षेत्रले आफुहरु नेतृत्वमा रहेको समयमा हौसला प्रदान गर्ने गरेको बताएका छन्। शुक्रबार वीरेन्द्रनगरमा मिडिया एडभोकेसी ग्रुपले आयोजना गरेको महिला राजनीतिज्ञ र सञ्चारकर्मीहरुसँगको अन्तरक्रिया कार्यक्रममा संविधानसभा सदस्य एवम् कर्णाली प्रदेशका पूर्वमन्त्री सीता नेपालीले आफु पार्टी र सरकारको नेतृत्वमा रहेको समयमा मिडियाबाट निकै हौसला पाएको बताइन। यद्यपी, सरकार र पार्टीको नेतृत्व बाहिर रहदा भने



मिडियाले खासै चासो नदिने गरेको गुनासो पनि उनले गरिन। 'सरकार र पार्टीको जिम्मेवार तहमा रहदा मिडियाको खोजिमा निकै परिन्थ्यो मिडियाकर्मीले निकै खोज्नु हुन्थ्यो। उहाँहरुबाट हौसला पनि मिल्थ्यो। तर, जिम्मेवारीमा नरहदा भने खासै नखोजिने रहेछ,' उनले भनिन्। यस्तै, पूर्वराष्ट्रियसभा सदस्य नन्दा शर्मा चपाईले आफु मन्त्री हुँदा होस् वा अन्य जिम्मेवारीमा रहदा मिडियाबाट रचनात्मक साथ पाएको बताइन। उनले सञ्चार माध्यममा गलत समाचारले स्थान पाउन नुहने बताइन। कतिपय अवस्थामा भाषिक वा अन्य त्रुटिलाई लिएर महिलाहरुलाई मिम बनाउने काम पत्रकारहरुबाट हुन नहुने उनको भनाई थियो। यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेतृ स्नेहा उपाध्यायले पुरुष र महिला राजनीतिज्ञ फरक दृष्टिकोणबाट हेर्न नुहने बताइन। उनले सञ्चार माध्यममा बोले पनि नबोले पनि महिलालाई हेर्ने दृष्टिकोण फरक हुने तर्क गरिन। 'बोल्यो भने बढी बोल्यो भन्ने, बोलिएन भने केही जान्दिन कि भन्ने हुन्छ। मिडियाले महिला र सिमान्तकृत वर्गको आवाज बोल्नु पर्ने हो।

तर, कतिपय मिडियाले बिक्ने कन्टेन्ट मात्र हेर्ने परिपाटी छ। मिडियामा आउन महिला पनि बोल्नु अग्रसर बाँकी पृष्ठ ४

ट्रेड युनियन खारेजविरुद्धको रिटमा अन्तरिम आदेश दिन सर्वोच्चको अस्वीकार

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २९ जेठ

सर्वोच्च अदालतले निजामती कर्मचारी, शिक्षक तथा सरकारी संस्थामा आबद्ध पेसागत संगठन र ट्रेड युनियन खारेज गर्ने सरकारी निर्णयविरुद्ध दायर रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा नेतृत्वको संवैधानिक इजलासले यसअघि जारी गरिएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिने निर्णय गरेको हो। इजलासमा न्यायाधीशहरू डा. नहकुल सुवेदी, विनोद शर्मा, अब्दुल अजीज मुसलमान र महेश शर्मा पौडेल सहभागी थिए।



सर्वोच्चको पछिल्लो निर्णयसँगै अध्यादेशमार्फत ट्रेड युनियन खारेज गर्ने सरकारको निर्णय तत्कालका लागि कार्यान्वयन हुने भएको छ। नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष भवानी दाहालसहित पाँच जनाले वैशाख २५ गते संवैधानिक इजलासमा रिट दायर गरेका थिए। रिटमा प्रधानमन्त्री बालेन्द्र शाह र राष्ट्रपति कार्यालयलाई समेत विपक्षी बनाइएको थियो।

यसअघि सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश जारी गर्दै दुवै पक्षलाई छलफलका लागि उपस्थित हुन निर्देशन दिएको थियो। तर अन्तिम सुनुवाइपछि अदालतले उक्त आदेशलाई निरन्तरता दिन आवश्यक नदेखिएको ठहर गरेको हो।

सरकारले अध्यादेशमार्फत निजामती कर्मचारी, शिक्षक तथा विभिन्न सरकारी निकायमा क्रियाशील ट्रेड युनियन र पेसागत संगठनहरू खारेज गर्ने व्यवस्था गरेको थियो। त्यसविरुद्ध कर्मचारी संगठनहरूले संविधानद्वारा प्रदत्त संगठन स्वतन्त्रताको अधिकार हनन भएको दाबी गर्दै अदालतको ढोका ढकढकाएका थिए।

सर्वोच्चको निर्णयपछि अध्यादेशमार्फत गरिएको व्यवस्था तत्कालका लागि यथावत् रहने भएको छ भने रिटको अन्तिम टुंगो भने अदालतको आगामी सुनुवाइबाट लाग्नेछ।

शनिवार

कथा

आदि र अनन्त



✍ प्रकाश पाण्डे

सामान्य परिवारमा जन्मेको आलोक सानैदेखि प्रकृतिप्रेमी थियो । बुवासँग खेतमा जाँदा होस् या आमासँग तोरी पेल्न जाँदा, ऊ प्रकृतिमा रमिरहन्थ्यो खेतको गरा र माटोको ढिस्को झुलेको उसलाई मन पर्थ्यो । रूख चढेर बस्न खुब रुचाउँथ्यो । आलि र गराहरू मनपर्थ्यो । बालीलाई प्रेम गर्थ्यो । प्रकृति कहिल्यै अर्थहीन लागेन उसलाई, अर्थपूर्ण र रोमान्चक लागिरहन्थ्यो । घाँसँग पनि उसको प्रेम थियो । कमिलासँग रमाएर खेल्थ्यो । झारहरूसँग पनि प्रेम थियो उसको । बाले झार उखालेर फालेको देख्दा उसले सोध्यो, “बुवा, झार किन फालेको ?” बुवा भन्नुहुन्थ्यो- “झारले हाम्रो धानको मललाई खान्छ र धान हुर्कन पाउँदैन । जसरी तिम्रो मनमा गलत विचार पलाएपछि तिमी असल बन्न सक्दैनौ, यो पनि त्यस्तै हो ।” बगिरहेको खोलाको कञ्चन पानीलाई हेर्नु, आवाज सुन्नु सङ्गीतमय लाग्थ्यो । हङ्गाय खोलाको झरनालाई हेरिरहन र सुनिरहन उसलाई आनन्द लाग्थ्यो । बाँदर र अन्य जीवजन्तुलाई हेर्न पनि ज्यादै रमाउने । चराचुरुङ्गीको चिरबिर र हावाको सिरसिर उसलाई बहुत मन पर्थ्यो ।

समय बित्दै गयो । थाहै नपाई मनमा प्रेम उब्जियो । विपरीत लिङ्गीप्रतिको प्रेम फैलिरहेको थियो । पहिलोचोटि आफूलाई रोमान्चक, भावुक, संवेदनशील र आनन्दित भएको अनुभूति भएको थियो आलोकलाई । प्रेमले मुटु हल्लिन्थ्यो, सम्झेर सुत्दा पनि मन उज्यालो हुन्थ्यो । आलोक काल्पनिक प्रेमको कथा बुन्थ्यो । प्रेमिकाका लागि प्रेमपत्र लेखेर गोजीमा बोक्थ्यो तर दिन सक्दैनथ्यो, त्यही नै एउटा रमाइलो पक्ष थियो । अरूको भन्दा पनि प्रेमिकाका भावनामा अटल, दिग्निर्देश र उत्कृष्ट हुन चाहन्थ्यो- पढाइमा पनि, प्रेममा पनि । राम्रा र सुन्दरी केटीहरूतर्फ मात्र उसका आँखा जान्थे । राम्रो शारीरिक जीउडाल, मिलेका अङ्ग, अनुपात मिलेको छाती, अनुहारको उज्यालोपन, मुस्कान र निश्चल एवं प्रेमिल आँखा ऊ खोजिरहन्थ्यो समयक्रममा प्राकृतिक वातावरणबाट ऊ सामाजिक वातावरणको वास्तविक रूपमा हुर्कियो । सांसारिक जीवन नबाँची सुखको मुख देखिँदैन । महिनौंदेखि मनमा राखेका भावनाहरू ऊ पोख्न चाहन्थ्यो । आलोक स्मृतिलाई अत्यन्तै मन पराउँथ्यो । स्मृति अत्यन्तै सुन्दरी थिइन्, अर्थात् आलोकको ‘ड्रिम गर्ल’ नै थिइन् । उनी वास्तवमै सुन्दर थिइन्; उसका लागि झरना, खोला, हिमाल र प्रकृति जस्तै सुन्दर थिइन् । उनको शारीरिक हाउभाउ, प्रेमिल हेराइ, हिँडाइ र भावभङ्गी देखेर ऊ भुतुक्कै भएको थियो ।

शायद सही समय चलिरहेको थियो, उनीसँग भेट भयो । धेरै कुरा बोल्ने अठोट गरेको थियो तर सकेन । मुटु काँप्यो, शरीर काँप्यो, जिब्रो लरबरायो । असीम शान्ति र मौनता छायो ।

त्यसपछि उसले भन्यो- “सन्चै छौ स्मृति ?”

“सन्चै छु, अनि तपाईं नि सन्चै हुनुहुन्छ आलोक?”

“सन्चै छु। सुन न मलाई एउटा कुरा भन्न मन थियो- तिम्रो प्रेमको कल्पनाले म बिरामी छु।”

केही औपचारिक कुरा भए । पढाइलेखाइका कुरा भए, जुन त्यति मनपर्ने विषय त थिएनन्, तर के गर्नु ? अरू बोल्न सकिएन । उसलाई प्रेमाभास त भएको थियो नै । यत्तिमै चित्त बुझाउनुपर्ने हो कि भन्ने लाग्यो उसलाई ।

छुट्नेबेला हिम्मत निकालेर, “फेरि भेट्नुपर्छ” भन्दै आलोकले स्मृतिको हात समायो । कहिले र कहाँ भेट्ने ?” स्मृतिले भनिन् आँखा चम्काउँदै यहाँ भनिन् । स्मृतिको स्पर्श पाएर अनि सोचेजस्तै जवाफ पाएर ऊ खुशीले गद्गद् भयो, पुलकित भयो । त्यसपछि छटपटी पोखियो; त्यो स्नेहको सागर, कोलाहल र भूकम्पका अगाडि सानो देखियो ।

प्रेम गरिन्न, हुन्छ । हो, आलोकको प्रेम भयो अर्थात् बस्यो । प्रेम घटित हुन्छ । स्मृतिको प्रेम घट्यो । यसलाई कसैले रोक्न र छेक्न सक्दैन, सच्चा प्रेम स्वाभाविक, प्राकृतिक र घटित हुन्छ । यसै पनि संसारको आधार प्रेम नै हो । जसरी सूर्य, चन्द्रमा र पृथ्वीमा आकर्षण हुँदा ब्रह्माण्ड सन्तुलनमा रहन्छ, त्यस्तै स्मृति र आलोकको प्रेममा पनि अत्यन्तै आकर्षण थियो, जुन चुम्बकीय रूपमा प्रकट हुन्थ्यो । प्रेममा सम्पूर्ण कुरा जायज हुन्छन् । कमजोरीलाई शक्ति ठानिन्छ । दुःखमा अझ बढी प्रेम फैलिन्छ । गरिबी, असाध्य, निरीहपन तथा एक्लोपनमा प्रेम झन् प्रगाढ बन्छ। अन्ततः उनीहरूको प्रेमले सार्थकता पायो, पूर्णता पायो । आलोक र स्मृतिको विवाह भयो । खुशीको सीमा थिएन, अनौठो आनन्दानुभूति र शान्ति थियो । सबै कुरा गज्जब थियो, तर वैवाहिक जीवन पछि बिस्तारै बेमेल र अहम् भावहरू एक-एक गरी देखिन थाले । वैचारिक पक्ष र सांस्कृतिक पक्ष हाबी हुन थाले । मनमा हलुका खिन्नता र नमज्जापन शुरु भयो । भौतिक वस्तुको जोहो, घर-घडेरी, लुगाफाटो, जागिर र जीविकोपार्जनले गर्दा हल्का तनाव सिर्जना हुन थाल्यो । आवश्यकताहरू बढ्दै गए । भौतिक वस्तुको भुमरीमा प्रेम घुम्न थाल्यो । आलोक कसैलाई आरोप लगाउने पक्षमा त थिएन, तर जीवन सोचेजस्तो पनि भइरहेको थिएन । बिस्तारै स्मृतिका रहरहरू प्रकट हुँदै गए, जसलाई आलोकले भौतिक हिसाबले पूरा गर्न सकेन र उनलाई बुझाउन पनि सकेन ।

आदर्श प्रेममा बाँच्ने आलोकको सोचाइमा भौतिकता, व्यावहारिकता, सोच र सामाजिक परम्परा बाधक बनेर अगाडि उभिए । एउटा राम्रो घर, मीठो खाना, राम्रो लगाउने र छोराछोरीलाई राम्रो विद्यालय भर्ना गर्ने, राम्रो शिक्षा दिने- यी सबै कुरा गज्जब थिए, तर आलोकको कमाइ र स्मृतिको कमाइले मात्र त्यो सम्भव थिएन । अहङ्कार, रहर तथा प्रतिष्ठित जीवन बाँच्ने स्मृतिको सोचाइ पूरा हुन सकेन । उनी आलोकसँग असन्तुष्टि, गुनासा र आक्रोश पोख्न थालिन् । ‘स्नेह र प्रेमको खोक्रो नाटक गरेको’ जस्ता आरोपहरू लगाउन थालिन्, जुन स्वाभाविकै पनि थियो । आलोक यसको सशक्त प्रतिवाद गर्थ्यो र भन्थ्यो, “प्रेमको अगाडि यी सब कुरा तुच्छ हुन् । प्रेम आफैंमा शक्तिशाली हुन्छ, यसलाई अनुभव गर ।” स्मृति भन्थिन्- “प्रेमले व्यवहार चल्छ र ? यसले छोराछोरीको फि तिर्छ ? घरको तला थप्छ ? स्कुटी किन्छ ? तरकारी किनेर ल्याउँछ कि प्रेमले ग्यास दिन्छ ? भन्नुहोस् त !” त्यसपछि आलोक मौन हुन्थ्यो, बोल्दैनथ्यो । तर उसको चेतनाले के बुझेको थियो भने– यी सब समाजले सिर्जना गरेका असन्तुष्टि र आवश्यकता परिपूर्ति गर्दा लाग्ने सोच, समय र समाजले दिने धोका मात्र हुन् । “प्रेम त्याग हो, यसमा निस्वार्थता हुन्छ; प्रेम गरिँदैन, यो त स्वतः दिइन्छ” भन्ने निष्कर्ष आलोकले निकाल्यो ।

यसको भाषा मौनता र मुस्कान हो भन्ने बुझेपछि ऊ प्रेमाकर्षण र शारीरिक भोगको आशक्तिका पछि नलागी सन्तुलित जीवनको सोचतर्फ लाग्यो, जो सादगीपूर्ण थियो । व्यावहारिक सोच र सादा जीवनको यही धारमा आलोक आइपुग्यो ।

समाज तीव्र गतिमा कुदिरहेको छ । आवश्यकताहरू सधैँ असीमित हुन्छन्, रहरहरू अनेक हुन्छन् । आजको समाजमा सबै वस्तुहरू खरिद गर्नुपर्ने हुन्छ । आम्दानी र आवश्यकता असीमित हुँदा, त्यसमाथि छोराछोरीका आवश्यकता र चाहनाहरू थपिँदा एवं आफ्ना रहरहरू पनि मिसिँदा आलोक र स्मृतिको कमाइले त्यो भार धान्न सकेन । बजारीकरण, बजारको चक्रव्यूह र महँगीका कारण नचाहँदा-नचाहँदै पनि उनीहरूको जीवन जटिल बन्दै गयो ।

हो, जीवनमा अहङ्कारको ज्ञान हुनुपर्छ, ज्ञानको अहङ्कार होइन । स्मृतिले हेर्दा आलोक अहङ्कारी देखिन्थ्यो भने आलोकले हेर्दा स्मृति अहङ्कारी देखिन थालिन् । हेर्दाहेर्दै समय अगाडि बढिसकेको थियो । प्रेम केवल औपचारिकतामा मात्र सीमित भए जस्तो भयो । शङ्का, अहङ्कार, आधुनिकता, समाज आदिले पर्दा लगाइदियो । आलोक र स्मृतिको जीवन एउटा मेसिन जस्तो भएर चल्दै थियो । उनीहरूकी एक छोरी ‘प्रकृति’ र एक छोरा ‘सम्पन्न’ थिए । उनीहरू ज्ञानी, स्वाभाविक र मायालु थिए । पढाइमा दुवै अब्बल थिए । कति कति बेला त उनीहरूलाई हेरेर अघाउँछे ऊ । दुवैको मन शान्त थिएनन् । जागिरे जीवन त चलिरहेकै थियो । दौडधूप थियो । एकअर्कोप्रति केवल दोष थियो । स्मृतिले आलोकसँग विवाह गरेर दुःख पाएको, आँखाभरि आँशु लिएर अभावसँग लडेको गुनासो तीव्र थियो । बाध्यता पनि थियो, अभाव पनि थियो । उमेर पनि ढल्किँदो थियो, रहर फिक्का हुँदै थिए । असन्तुष्टि र गुनासाहरू थुप्रै थिए, जवानीको जस्तो प्रेम थिएन । होस् पनि कसरी, परिवर्तन जो अवश्यम्भावी हुन्छ । प्रेमको गहिराइको आभास थिएन स्मृतिलाई, तर आलोक प्रेमको गहिराइमा विश्वास गर्थ्यो । शायद, स्मृतिको बुझाइ बेग्लै हुन सक्छ । पटकपटक स्मृति भन्छे- “प्रेमले खान र लाउन दिन्छ ? प्रेम गरिरहेर मात्र पुग्छ ? सम्झ त आलोक, हामीले कति धेरै काम गर्नुछ । छोरी प्रकृति, छोरा सम्पन्न अनि मेरा भोलिका चाहनाहरू, अहिलेका आवश्यकताहरू, रहरहरू खोइ पूरा गरेको ? खोइ छोरीलाई सुनका टप अनि चाँदीका कल्ली ? खोइ चलाउन पाई ल्यापटप ? ए साँची ! दूधको पैसा तिर्नु थियो, खोई कहिले हो ?”

यो सब सुनिरहेको आलोक स्तब्ध भयो । सन्नाटा छायो । उसलाई लागिरह्यो- संसारलाई चेतना र स्वतन्त्रताको तराजुमा तौलने आलोक, दूधको पैसा र छोरीको सुनका टपको यथार्थ अगाडि निरुत्तर भयो । शायद उसले बुझ्यो- चेतनाको उडान भर्न पनि धर्तीमा एउटा गुँड त चाहिन्छ नै ।

स्मृतिको अनुहारमा उज्यालो थिएन । सधैँ कल्पिरहन्थी- एउटा सुन्दर घर, एउटा कार, एक राम्रो जागिर, छोराछोरीका लागि राम्रो शिक्षा, बिहे भोज र आफन्तजनहरूकहाँ जाँदा राम्रो र महँगो साडी र डिजाइन अनुसारका लुगा, मेकअप आदिजनित सुखको चरम अपेक्षा र रहरहरू । यी सब आलोकले पढ्न सक्थ्यो ।

प्रेम, स्वतन्त्रता, मौनता, स्वीकृति तथा आध्यात्मिक जीवनको मार्गप्रति आलोकको धेरै झुकाव बढ्दै गयो । स्मृति अझ व्यावहारिक र भौतिक बन्दै गइन् । हेर्दा जीवन एउटै तर विचार र भावनात्मक हिसाबले कमजोर धरातलमा निकै वर्ष बिते । सामाजिक विचलन, मानसिक विचलन, चिन्ता, डर, त्रास, पीडा दुवैले आ-आफ्नो भागको बेहोरे । कतिसम्म थियो भने आलोकले सकारात्मक तरिकाले भन्दा पनि स्मृति नकारात्मक बुझिथिन्, नकारात्मक रूपले बोल्दा सकारात्मक । नबोल्दा “किन नबोलेको ?” भन्थिन्, झर्को मान्थिन् । त्यो आलोकका लागि पीडादायी क्षण बन्थ्यो । शायद आदर्श विचार, व्यवहार र अनुभूतिले आलोकलाई यस्तो बनायो । स-साना वैचारिक र व्यावहारिक हिसाबको बेमेलले दुवैमा तनाव पैदा हुन्थ्यो । स्मृति पारिवारिक, सामाजिक, धार्मिक, व्यावहारिक र जागिरे जीवनमा आफूलाई व्यस्त राख्दै गइन् भने आलोक जागिर र ध्यानतर्फ आफूलाई व्यस्त राख्ने गर्थ्यो । मनमुटाव त थियो, जसले मनको लाइनमा चोट दिन्थ्यो उनीहरूलाई; तर बुद्यौली, पद, प्रतिष्ठा, समाज, सोचाइ, अपनत्व आदिले सदा पुनःउत्थान गराउँथ्यो । आलोकको मौनता बढ्दै थियो, स्मृतिको जीवन र परिवार चलाउने सक्रियता र जिम्मेवारी बढ्दै थियो । एउटै परिवार अलग-अलग दिशामा बढे जस्तो देखिन्थ्यो, त्यो पनि मनका दिशा, प्रेमका दिशा, भावना र विचारले पृथक थियो । परिवार सामाजिक डोरीले बाँधेर अडिएको थियो, छोराछोरीको डोरीले कसिलो बाँधेको थियो । परिवार चलाउन आर्थिक हिसाबले पनि एकलाई अर्काको आवश्यकता पर्थ्यो ।

प्रेम, शान्ति, आनन्द र खुशी टाढा भए पनि आलोक हरदम आफू भित्र ल्याउन चाहन्थ्यो । अरूलाई परिवर्तन गर्न चाहन्थ्यो, नसकेपछि आफू परिवर्तित भएको थियो । हुनु र नहुनु उसले बुझेको थियो । उपस्थिति र अनुपस्थिति उसलाई थाहा थियो । जीवन शून्यबाट आएको हो, शून्य नै स्रोत हो भन्ने थाहा थियो । स्पेस नै मौनता र प्रक्रिया हो भन्ने थाहा थियो । कुन कुरा बढी महत्त्वपूर्ण छ जीवनमा– प्रेम कि चुलो, प्रेम कि रहर, भन्ने थाहा थियो उसलाई ।

कविता

सिंहदरबारको ढोकामा उभिएर



✍ लक्ष्मी रिजाल

म को हुँ ?
म त्यही झुल्किएको घाम हुँ
जसले सधैँ तिम्रो झ्यालका पर्दाहरू उघारिदिन्छ
तर तिमीले सधैँ मलाई ‘भान्साको धूवाँ’ मात्रै देख्यौ ।
म त्यही माटोको सुगन्ध हुँ
जसले तिम्रो कुर्सीको जग थामेको छ
तर तिमीले सधैँ मलाई ‘पैतालाको धुलो’ मात्रै सम्झ्यौ ।

हे नयाँ शासकहरू
तिमीहरूले कसम खाँदै गर्दा सिंहदरबारका भित्ताहरू मुस्कुराएका होइनन्
ती त अघिल्ला झुठहरूको प्रतिध्वनिले थर्किएका हुन् ।
याद राख
यो पटक तिम्रो विजयको उत्सवमा बज्ने शत्ध्वनि होइन
मेरो रित्तो गाग्रीले ढुङ्गामा ठक्कर खाँदा निस्किएको आवाजमा ब्युँझनुपर्नेछ ।
तिमी भने अझै सत्ताको भागबण्डाको ‘अंकगणित’मा हराइरहेका छौ ?
मलाई अब आश्वासनको गुलियो चास्नी होइन
पौरखले भिजेको रोटीको स्वाद चाहिएको छ ।
मलाई तिम्रो भाषणको ‘सगरमाथा’ होइन
मेरो घरको चुल्होमा बल्ने ‘शान्त ज्वाला’ चाहिएको छ ।

सावधान !
म सहनशीलताको पर्याय मात्र होइन
म त कालीको त्यो संहारक रूप पनि हुँ
जसले अन्यायको वेदीमा आफ्नै रगतको बलि चढाउन सक्छ ।
यदि तिम्रा कलमहरूले भोका पेटहरूको भोक मेटाउन सकेनन् भने
यदि तिम्रा पाइलाहरूले दूरदराजका गाउँका धुलाम्मे बाटाहरू कुल्चिएनन् भने
बुझिराख
इतिहासको यो कठघरामा तिमीलाई उभ्याउने पहिलो हात मेरै हुनेछ।

मेरो सिउँदोको सिन्दूरले मात्र होइन
मेरो आँखाको विद्रोहले अब यो देशको भविष्य लेख्नेछ ।
नयाँ सरकार !
तिमी सत्ताको सुगन्धमा नमात्तिएर
एकपटक सडकमा निस्किएको यो ‘नारी हुंकार’ लाई सुन ।
किनकि
जबसम्म एउटी आमा निर्धक्क भएर निदाउँदिनन्
तबसम्म तिम्रो ‘नयाँ युग’ को घाम केवल एउटा सुन्दर भ्रम मात्र रहनेछ ।

सफल शल्यक्रिया गर्दै दुल्लू अस्पताल

काँक्रेविहार संवाददाता
दैलेख, २९ जेठ

दुल्लु अस्पतालले पछिल्ला तीन दिनयता जटिल सुत्केरी अवस्था तथा हर्नियालगायत विभिन्न रोगका शल्यक्रिया सफलतापूर्वक सम्पन्न गर्दै स्थानीयस्तरमै विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न थालेको छ। अस्पतालमा तीन दिनको अवधिमा दैनिक एक जनाका दरले शल्यक्रिया गरिएको अस्पतालले जनाएको छ। अस्पतालका अनुसार जटिल प्रसूति समस्या भएका महिलाको सुरक्षित सुत्केरी गराउन पेट चिरेर बच्चा जन्माउने शल्यक्रिया नियमित रूपमा सञ्चालन भइरहेको छ। साथै हर्नियालगायत अन्य शल्य उपचारसमेत सफलतापूर्वक सम्पन्न भएका छन्।

डा. महेश सिलवाल



नेतृत्वको शल्यकक्ष टोली, नर्स तथा स्वास्थ्यकर्मीहरूको सक्रिय सहभागितामा सेवा सञ्चालन भइरहेको छ।

सीमित स्रोतसाधन र दुर्गम भौगोलिक अवस्थाका बाबजुद अस्पतालले निरन्तर शल्य सेवा उपलब्ध गराउन सफल भएको छ। यसअघि यस्ता जटिल स्वास्थ्य समस्या भएका बिरामी उपचारका लागि सुर्खेत, नेपालगञ्ज तथा अन्य ठूला सहरका अस्पताल धाउन बाध्य थिए। तर अहिले स्थानीय अस्पतालमै शल्य उपचार हुन थालेपछि बिरामी र उनका परिवारलाई समय, खर्च र श्रमको बचत भएको छ। स्थानीयवासीहरूले दुर्गम क्षेत्रमा रहेको अस्पतालबाट नियमित रूपमा शल्य सेवा सञ्चालन हुनु महत्वपूर्ण उपलब्धि भएको बताएका छन्। गाउँमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध हुँदा बिरामीले सहज, सुरक्षित र छिटो उपचार पाउने वातावरण बनेको उनीहरूको भनाइ छ। अस्पताल प्रशासनले आगामी दिनमा शल्य उपचार सेवालाई अझ प्रभावकारी बनाउँदै विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्ने योजना रहेको जनाएको छ। आवश्यक जनशक्ति, उपकरण र पूर्वाधारको थप व्यवस्था हुन सके अझ धेरै बिरामीलाई स्थानीय स्तरमै गुणस्तरीय सेवा दिन सकिने विश्वास अस्पतालको छ। दुर्गम क्षेत्रका नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्यसहित सञ्चालन भइरहेको शल्य सेवाले दुल्लु अस्पतालप्रतिको जनविश्वास थप बढाएको छ। पछिल्ला सफल शल्यक्रियाले स्थानीय समुदायमा अस्पतालप्रति भरोसा र आशा दुवै बलियो बनाएको छ।

सीमा विवादका कारण कर्णाली करिडोर अवरुद्ध

काँक्रेविहार संवाददाता
हुम्ला, २९ जेठ

बाजुरा र हुम्लाबीचको सीमा विवादको असर कर्णाली करिडोरमा देखिएको छ। बाजुराको हिमाली गाउँपालिकाका स्थानीय युवा क्लबले धुलाचौर क्षेत्रमा सडक अवरुद्ध गरेपछि सर्यौं यात्रु अलपत्र परेका छन्।

बुधबार राति १० बजेदेखि धुलाचौर क्षेत्रमा सडक बन्द गरिएपछि हुम्लाबाट बाहिरिने र हुम्लातर्फ आउने सबै प्रकारका सवारीसाधन रोकिएका छन्। सडक अवरोधका कारण यात्रुहरू गन्तव्यमा पुग्न नसकी समस्यामा परेका छन्।

हुम्लाबाट नेपालगञ्ज जाँदै गरेका यात्रु जनक सार्कीका अनुसार बाजुरा र हुम्लाको सीमा क्षेत्रमा देखिएको विवादका कारण बाजुरातर्फबाट सडक बन्द गरिएको हो। यसले सुर्खेत, नेपालगञ्जलगायतका स्थानबाट हुम्ला आउने तथा हुम्लाबाट बाहिरिने यात्रुलाई प्रत्यक्ष असर पुगेको छ।



सडक अवरोधका कारण बस, ट्रक, बोलेरो जिप, ट्याक्टर र मोटरसाइकलसहित ८० भन्दा बढी सवारीसाधन धुलाचौर क्षेत्रमा रोकिएका छन्। हुम्ला प्रवेश गर्ने र बाहिरिने गरी करिब डेढ सयभन्दा बढी यात्रु प्रभावित भएका छन्। यात्रुहरू सडकमै रोकिएर बस्न बाध्य भएका छन् भने खाद्यान्न, दैनिक उपभोग्य सामग्री तथा अन्य ढुवानीसमेत प्रभावित भएको छ। बन्दकर्ताले सडकको बीचभागमा ढुङ्गा राखेर आवागमन पूर्ण रूपमा बन्द गरेका छन्। लामो समयसम्म सडक सञ्चालन हुन नसक्दा यात्रुहरूले सम्बन्धित निकायसँग तत्काल समस्या समाधान गर्न आग्रह गरेका छन्। उनीहरूले प्रशासन र सरोकारवाला निकायको सक्रिय पहल आवश्यक रहेको बताएका छन्।

बाजुरा र हुम्लाको सीमाक्षेत्र अन्तर्गत पर्ने लाम्पाटा-च्याचौर क्षेत्रको सीमा विवाद लामो समयदेखि कायम छ। यही विवादका कारण गत जेठ पाँच गते दुवै जिल्लाका स्थानीयबीच झडप भएको थियो, जसमा बाजुराका चार जना घाइते भएका थिए। उक्त घटनामा संलग्न व्यक्तिलाई पक्राउ गरी कानुनी कारबाही गर्न माग गर्दै बाजुरातर्फका स्थानीयले कर्णाली करिडोर अवरुद्ध गरेका हुन्।

सीमा विवाद समाधान र सडक सञ्चालनका लागि स्थानीय प्रशासन तथा सम्बन्धित निकायबीच छलफल जारी रहेको जनाइएको छ। तर समाचार तयार पार्दासम्म सडक सञ्चालन हुन सकेको छैन।

दशकदेखि अलपत्र बहुउद्देश्यीय सभा हल

काँक्रेविहार संवाददाता
जुम्ला २९ जेठ

करोडौँ रुपैयाँ खर्च गरेर निर्माण सुरु गरिएको बहुउद्देश्यीय सभा हल एक दशक बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन।

पुरानो भवन अधुरै र प्रयोगविहीन अवस्थामा रहँदा त्यसकै छेउमा नयाँ सभा हल निर्माणको काम भने तीव्र रूपमा अघि बढिरहेको छ। जिल्लामा सरकारी, गैरसरकारी तथा सामाजिक कार्यक्रम सञ्चालन गर्न पर्याप्त क्षमताको व्यवस्थित सभा हलको अभाव छ।

ठूला कार्यक्रमका लागि नेपाली सेनाको खेल मैदान वा अन्य खुला स्थान प्रयोग गर्नुपर्ने बाध्यता रहँदै आएको छ। यही आवश्यकतालाई मध्यनजर गर्दै तत्कालीन जिल्ला विकास समितिले बहुउद्देश्यीय सभा हल निर्माणको योजना सुरु गरेको थियो।

आर्थिक वर्ष २०७१/७२ मा तत्कालीन प्राविधिक कार्यालय जुम्लामार्फत छ करोड १९ लाख रुपैयाँ लागतमा निर्माण सम्झौता गरिएको थियो। निर्माणको जिम्मा आशिष-थेगिम जेभी, धनगढीले पाएको थियो।

सम्झौता अनुसार २०७४ सालभित्र काम सम्पन्न हुनुपर्ने भए पनि विभिन्न कारणले परियोजनाले अपेक्षित गति लिन सकेन। हालसम्म करिब तीन करोड ५९ लाख रुपैयाँ खर्च भइसकेको भए पनि भवन निर्माण पूरा हुन सकेको छैन।

दशक लामो समय बित्दा पनि संरचना सञ्चालनमा आउन नसक्दा सरकारी लगानीको प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ ।

नागरिक समाज जुम्लाका संयोजक राजबहादुर महतका अनुसार सम्बन्धित निकायबीच समन्वयको अभाव, प्राविधिक जटिलता तथा



सम्झौता अनुसार २०७४ सालभित्र काम सम्पन्न हुनुपर्ने भए पनि विभिन्न कारणले परियोजनाले अपेक्षित गति लिन सकेन। हालसम्म करिब तीन करोड ५९ लाख रुपैयाँ खर्च भइसकेको भए पनि भवन निर्माण पूरा हुन सकेको छैन।

प्रभावकारी अनुगमन नहुँदा योजना अलपत्र बनेको हो।

उनले सार्वजनिक लगानीका यस्ता परियोजनामा जवाफदेहिता र नियमित अनुगमन आवश्यक रहेको बताए। यता, पुरानो सभा हल अधुरै रहँदा जिल्ला समन्वय समितिको कार्यालय परिसरमा नयाँ सभा हल निर्माण भइरहेको छ। सघन सहरी तथा भवन निर्माण आयोजना जुम्लाले दुई करोड ७८ लाख रुपैयाँ लागतमा निर्माण गरिरहेको उक्त भवन करिब पाँच सय जना अट्ने क्षमताको हुने जनाइएको छ।

स्थानीयवासी तथा सरोकारवालाले नयाँ सभा हल निर्माणलाई आवश्यक र सकारात्मक कदम माने पनि पुरानो संरचनाको अवस्था बेवास्ता गरेर नयाँ भवन निर्माणमा केन्द्रित हुनु राज्यको स्रोत-साधनको उचित उपयोग नभएको टिप्पणी गरेका छन्।

युवा तथा पुस्तक व्यवसायी गणेशबहादुर रोकायाले सभा हलको आवश्यकता निर्विवाद भए पनि दशकदेखि अधुरो रहेको पुरानो भवनप्रति कसैले जिम्मेवारी नलिनु चिन्ताजनक विषय भएको बताए।

उनले पुरानो परियोजनाको अवस्थाबारे छानबिन गरी जिम्मेवार पक्षलाई जवाफदेही बनाउनुका साथै सार्वजनिक सम्पत्तिको संरक्षणमा राज्य गम्भीर बन्नुपर्ने आवश्यकता औंल्याए।

काइके भाषा संरक्षणमा बहस

काँक्रेविहार संवाददाता
डोल्पा, २९ जेठ

लोपोन्मुख अवस्थामा पुगेको काइके भाषाको संरक्षण, संवर्द्धन तथा शैक्षिक प्रणालीमा प्रभावकारी समावेशीकरणका विषयमा डोल्पामा सरोकारवालाबीच व्यापक छलफल भएको छ।

भाषा आयोगको आयोजनामा तथा ठूलीभेरी नगरपालिकाको सहकार्यमा आयोजित अन्तरक्रिया कार्यक्रममा काइके भाषाको वर्तमान अवस्था, चुनौती र सम्भावनाबारे गहन बहस गरिएको हो।

ठूलीभेरी नगरपालिकाको सभाकक्षमा सम्पन्न कार्यक्रममा विद्यालय तथा क्याम्पस तहमा काइके भाषाको अध्ययन-अध्यापनको अवस्था, मातृभाषामा आधारित शिक्षाको आवश्यकता, पाठ्यसामग्रीको अभाव र दक्ष जनशक्तिको कमीबारे सरोकारवालाहरूले आफ्ना धारणा राखेका थिए।

सहभागीहरूले काइके भाषालाई विद्यालयस्तरदेखि नै व्यवस्थित रूपमा पाठ्यक्रममा समावेश गर्न आवश्यक रहेको बताएका छन्। कार्यक्रममा भाषा आयोगका सचिव रमेशप्रसाद मैनालीले स्थानीय भाषाको संरक्षण सांस्कृतिक जिम्मेवारी मात्र नभई भावी पुस्ताको पहिचान र अस्तित्वसँग जोडिएको विषय भएको बताए।

उनले यस्ता अन्तरक्रियाले स्थानीय भाषाको वास्तविक अवस्था बुझ्न, नीतिगत सुझाव संकलन गर्न तथा संरक्षणका प्रभावकारी रणनीति तय गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे। नगरप्रमुख सुवर्ण बुढा प्रमुख अतिथि तथा उपप्रमुख छिरिङ टोल्मा महत विशेष अतिथि रहेको कार्यक्रममा सहभागीहरूले नेपालको भाषिक विविधता राष्ट्रको महत्वपूर्ण सम्पत्ति भएको उल्लेख गर्दै काइकेजस्ता अल्पसंख्यक भाषाको संरक्षणका लागि स्थानीय तह, शैक्षिक संस्था, समुदाय र राज्यका निकायबीच प्रभावकारी समन्वय आवश्यक रहेको धारणा राखे।

आदर्श माध्यमिक विद्यालय जुफालका प्रधानाध्यापक बालकृष्ण डाँगीले काइके समुदायको बसोबास रहेका क्षेत्रका विद्यालयमा काइके भाषालाई पाठ्यक्रमका रूपमा समावेश गर्नुपर्ने आवश्यकता औंल्याए।

काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०२/३० गते

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन भएर उत्पादन भई घाटगद्दी गरी राखिएको साल जातको ए, बि, सि र डि ग्रेडको गोस ३२, ४९, ६, १२, १८, २२, २,२०,४०,१७ गोलियाको ५८१.७५, ५५६.२९, ३६७.९८, १९३.०२, १८५.५४, १२६.६१, २३.५०,१७५.०१, २१९.९४ र ७०.६८ क्युफिट र ए ग्रेडको खयर जात गोस १३९ गोलियाको १७९.३६ क्युफिटको आ.व. २०८२/०८३ मा कटान भई घाटगद्दी गरि राखिएको काठ बोलपत्रद्वारा लिलाम बिक्री गर्न प्रथम पटक सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ती, संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १:०० बजे सावउसको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

अध्यक्ष
ताउले सामुदायिक वन उपभोक्ता समूह
पञ्चपुरी न.पा.११, सुर्खेत

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

शनिवार, ३० जेठ, २०८३
Saturday, 13 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

कर्णाली सरकारको संरचनागत सुधार



काँक्रेविहार संवाददाता
सुर्खेत, २९ जेठ

कर्णाली प्रदेश सरकारले प्रदेशको प्रशासनिक संरचनामा व्यापक पुनर्संरचना गर्ने निर्णय गरेको छ। बिहीबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले पाँच वटा निर्देशनालयलाई जिल्ला कार्यालयका रूपमा रूपान्तरण गर्ने तथा एक निर्देशनालयसहित तीन वटा केन्द्र खारेज गर्ने निर्णय गरेको हो।

सरकारका प्रवक्ता तथा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहका अनुसार पूर्वाधार विकास निर्देशनालय, खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, कृषि विकास निर्देशनालय, पशुपन्छी विकास निर्देशनालय तथा उद्योग एवं उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेतलाई अब कार्यालयका रूपमा सञ्चालन गरिनेछ।

प्रदेश सरकारले सेवा प्रवाहलाई थप प्रभावकारी, छरितो र मितव्ययी बनाउन यस्तो निर्णय गरेको जनाएको छ।

मन्त्रिपरिषद् बैठकले प्रदेश वन निर्देशनालय सुर्खेत खारेज गर्ने निर्णयसमेत गरेको छ। उक्त निर्देशनालयले सम्पादन गर्दै आएका कार्यहरू अब उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमार्फत सञ्चालन गरिने व्यवस्था मिलाइनेछ।

यस्तै, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मानव स्रोत विकास केन्द्र र कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र सुर्खेत पनि खारेज गरिने भएका छन्। यी केन्द्रले गर्दै आएका कार्यहरू कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानमार्फत सञ्चालन गर्न आवश्यक संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई दिइएको छ।

कर्णाली प्रदेशको सङ्गठन संरचना अध्ययन उच्चस्तरीय समितिको प्रतिवेदन-२०८२ ले प्रदेश सरकारको दरबन्दी संरचनालाई व्यवस्थित गर्न, दोहोरो कार्यक्षेत्र भएका निकायलाई एकीकृत गर्न तथा सेवा प्रवाहलाई चुस्त-दुरुस्त बनाउन सुझाव दिएको थियो।

प्रदेशको सीमित आन्तरिक स्रोत र खर्च व्यवस्थापनलाई ध्यानमा राख्दै सरकारले संरचनागत सुधारको कदम चालेको जनाएको छ।

सरकारका अनुसार यी निर्णयहरू आर्थिक वर्ष २०८३/८४ को साउन १ गतेदेखि कार्यान्वयनमा आउनेछन्।

मन्त्रिपरिषद्ले यसै बैठकबाट लोपोन्मुख राउटे समुदायको मूलप्रवाहीकरण नीति, २०८३ तथा पूर्ण संस्थागत सुत्केरी सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने निर्णयसमेत गरेको छ। प्रदेश सरकारले यी नीतिगत निर्णयले सेवा प्रवाहलाई प्रभावकारी बनाउने विश्वास व्यक्त गरेको छ।

कर्णालीलाई...

सेवा विस्तार र स्थानीय सरकारहरूको प्रशासनिक खर्च व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

तर अनुदानको प्रभावकारिता बजेटको पारदर्शी परिचालन, समयमै कार्यान्वयन र परिणाममुखी खर्च व्यवस्थापनमा निर्भर रहने देखिन्छ। संघीयताको आठ वर्षपछि पनि कर्णालीको विकासको मुख्य आधार संघीय अनुदान नै रहेको तथ्यले प्रदेश र स्थानीय तहहरूको आत्मनिर्भर अर्थतन्त्र निर्माण अझै चुनौतीपूर्ण रहेको छ। तर आगामी वर्षका लागि विनियोजित ८२ अर्बभन्दा बढीको अनुदानले कर्णालीमा विकासका सम्भावनालाई थप बलियो बनाउने अपेक्षा गरिएको छ।

प्रदेश सरकारलाई १७ अर्ब २० करोड

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि १७ अर्ब २० करोड रुपैयाँभन्दा बढी संघीय अनुदानप्राप्त गर्ने भएको छ। संघीय सरकारले अन्तरसरकारी वित्तीय हस्तान्तरणअन्तर्गत कर्णाली प्रदेशलाई कुल १७ अर्ब २० करोड ८२ लाख रुपैयाँ बराबरको अनुदान हस्तान्तरण गर्नेछ।

जुन चालुतर्फ १३ अर्ब पाँच करोड ९ लाख र पुँजीगततर्फ ४ अर्ब १५ करोड रहनेछ। यो रकम वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान गरी चार शीर्षकमा प्रदान गरिन्छ। संघीय अर्थमन्त्रालयले सार्वजनिक गरेको अन्तरसरकारी वित्तीय हस्तान्तरअनुसार प्रदेशतर्फ सबैभन्दा धेरै बजेट मधेशले पाउँदा दोस्रोमा कर्णालीले पाएको छ। मधेश प्रदेशले १७ अर्ब ५९ करोड रुपैयाँ संघीय अनुदान पाउदा सबैभन्दा कम गण्डकी र लुम्बिनी प्राप्त गर्नेछन्। आगामी वर्ष गण्डकीलाई १२ अर्ब ७२ करोड र लुम्बिनीलाई १४ अर्ब ४१ करोड बजेट अनुदानवापत दिइनेछ।

आगामी वर्ष संघीय सरकारले प्रदेशलाई हस्तान्तरण गर्ने सामानीकरण अनुदानतर्फ १० अर्ब ६३ करोड २३ लाख बराबरको बजेट कर्णालीको भागमा परेको छ। यो अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी हो। जसमा समानीकरणतर्फ न्यूनतम १ अर्ब ७८ करोड ७४ लाख, सुत्रमा आधारित अनुदान ८ अर्ब ५४ करोड ४९ लाख र कार्यसम्पादनमा आधारित अनुदान ३० करोड रुपैयाँ कर्णालीले पाउनेछ।

कमजोर आर्थिक क्षमता भएका प्रदेश वा स्थानीय तहलाई अतिरिक्त अनुदान दिएर सेवाप्रवाहको क्षमतालाई बराबरी हैसियत प्रदान गर्न वित्तीय समानीकरण अनुदान दिइन्छ। यस्तै, सशर्त अनुदानतर्फ कुल पाँच अर्ब ४२ करोड २५ लाख रुपैयाँ संघबाट प्राप्त हुनेछ। जसमा चालुतर्फ २ अर्ब ६ करोड ८६ लाख, पुँजीगततर्फ ३ अर्ब ३५ करोड ३९ लाख रुपैयाँ अनुदानवापत प्राप्त हुनेछ।

संघीय, प्रदेश वा स्थानीय सरकारले कुनै निश्चित उद्देश्य, कार्यक्रम वा परियोजना कार्यान्वयन गर्न तोकिएका सर्तहरू पूरा गर्ने गरी यस्तो अनुदान दिइन्छ। यसप्रकारको अनुदानप्राप्त गर्ने निकायले रकम आफूखुसी अन्य काममा खर्च गर्न पाउँदैन अनुदान दिने निकायले निर्धारण गरेको शीर्षक, मापदण्ड र कार्यविधिअनुसार मात्र खर्च गर्नुपर्छ।

आगामी आर्थिक वर्षमा विशेष अनुदानवापत कर्णालीले संघबाट ४८ करोड ५६ हजार रुपैयाँ पाउनेछ। जसमा चालुतर्फ ३५ करोड, पुँजीगत प्रकृतिमा खर्च गर्न पाउने गरी १३ करोड ५६ लाख रुपैयाँ विशेष अनुदान कर्णालीलाई छ। यस्तै समपुरक अनुदान (पुँजीगत प्रकृति) तर्फ यस वर्ष कर्णालीले ६६ करोड ७८ लाख रुपैयाँ बराबरको बजेट पाएको छ। विशेष अनुदानले विशेष आवश्यकता वा प्राथमिकताका कार्यक्रमलाई सम्बोधन गर्छ।

जिम्मेवारीमा...

हुनुपर्छ,' उनले भनिन्।

कानुन व्यवसायी यामुना सापकोटाले मिडियाले महिला तथा सिमान्तकृत वर्गको आवाजलाई प्राथमिकतामा राखेको बताइ। उनले भविष्यमा पनि कमजोर वर्गका लागि मिडिया पैरवी आवश्यक रहेको बताइ। पत्रकारले लेख्ने हरेक समाचारमा पुरुषलाई मात्र नभई महिलालाई पनि प्राथमिकतमा राखिनुपर्ने उनको भनाई थियो। यस्तै, जिल्ला समन्वय समितिका पूर्वउपप्रमुख ज्ञानी भट्टराईले राजनीतिक दलभित्र महिलालाई अवसर दिन आनाकानी गरेपनि मिडियाबाट भने हौसला पाउने गरेको बताइन। उनले महिलालाई राजनीतिमा ल्याउन मिडियाले भूमिका खेलेको तर अझै व्यापक भने हुन नसकेको उनको दावी थियो। यस्तै, नेपाली कांग्रेसको सक्रिय राजनीतिमा संलग्न शान्ति सिंहले आफुले नेतृत्व गरेका हेरक क्षेत्रमा पत्रकारहरुमार्फत थालिएका सबै जसो अभियानहरु सफल भएको बताइन। अन्तर्क्रियामा सहभागी अन्य महिला राजनीतिज्ञले आफुहरुलाई पुरुषसरह नेतृत्वमा आउन चुनौती रहेको बताउँदै नेतृत्व लिने र दिने विषयमा पत्रकारहरुले महिलाका पक्षमा हमेशा कलम चलाउनु पर्ने बताएका थिए। अन्तक्रिया कार्यक्रमको सहजिकरण गरेकी वरिष्ठ पत्रकार बबिता बस्नेतले महिला राजनीतिज्ञहरूको सहभागितालाई विभिन्न कारणहरुले अवरोध हुने गरेको बताइन। महिलाहरुलाई सामाजिक रूढीवादी धारणा, प्रणालीगत अवरोध, सञ्चारमाध्यममा असमान स्थान, परम्परागत लैंगिक मान्यता तथा भूमिका, सञ्चारमाध्यमको पक्षपात र प्रस्तुतीकरण , स्रोत-साधनमा असमानता र ऐतिहासिक प्रतिनिधित्वको अभावले महिला राजनीतिज्ञहरुलाई असर पार्ने गरेको बस्नेतको भनाई थियो।

जनहितमा जारी सूचना !

- भेरी नदी तथा यसका सहायक नदीहरूको संरक्षण, व्यवस्थापन र दिगो उपयोगमार्फत कृषि उत्पादन वृद्धि, बाढी तथा कटान नियन्त्रण र स्थानीय नागरिकको जीवन तथा सम्पत्तिको सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले भेरी कोरिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजनाले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ।
- नदी किनार क्षेत्रबाट अनधिकृत रूपमा ढुंगा, गिट्टी, बालुवा उत्खनन नगर्न, नदीजन्य स्रोतको दुरुपयोग रोक्न तथा नदीको प्राकृतिक बहावमा अवरोध पुग्ने कुनै पनि गतिविधि नगर्न सम्पूर्ण नागरिक, निर्माण व्यवसायी तथा सरोकारवालाहरूमा अनुरोध गरिन्छ।
- बर्खायामको समयमा नदी तथा खोलाहरूमा जलसतह अचानक बढ्न सक्ने भएकाले नदी किनार, तटीय क्षेत्र तथा जोखिमयुक्त स्थानमा विशेष सतर्कता अपनाउन, बालबालिका तथा ज्येष्ठ नागरिकको सुरक्षामा ध्यान दिन र विपद्को सम्भावित जोखिमबाट जोगिन आवश्यक सावधानी अपनाउन अनुरोध गरिन्छ।
- सिँचाइ संरचना, नहर, तटबन्ध तथा अन्य सार्वजनिक पूर्वाधारहरूको संरक्षण गर्नु सबै नागरिकको साझा दायित्व हो। यस्ता संरचनामा क्षति पुग्ने गतिविधि नगर्न तथा कुनै समस्या देखिएमा सम्बन्धित निकायलाई तत्काल जानकारी गराउन आग्रह गरिन्छ।
- समृद्ध कृषि, सुरक्षित बस्ती र व्यवस्थित नदी प्रणाली निर्माणका लागि सबैको सक्रिय सहभागिता र सहयोग आवश्यक छ।

भेरी कोरिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजना कार्यालय
सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)